माप्य दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बासा, सोलुखुम्बु

पत्र संख्या:०७५/०७६
चलानी नं.

dudhkoshirm@gmail.com
१ नं. प्रदेश, नेपाल

मिति:२०७६/१२/०९

## अत्यन्त जरुरी सुचना

कोरोना भाईरस (COVID-19) अहिले चीन, इटाली, जापान, कोरिया, भारत लगायतका अन्य देशहरुमा देखिएको छ । विश्व स्वास्थ्य संगठन (WHO) ले (COVID-19) लाई पब्लिक हेल्थ ईमर्जेन्सी अफ इन्टरनेशनल कन्सर्न घोषणा समेत गरिसकेको छ। माननिय उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको अध्यक्षतामा गठित कोभिष-१९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्व्य समितिको २०७६ चैत्र ५ गतेको वैठकको निर्णय र सो सम्बन्धमा नेपाल सरकारको परिपत्र तथा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) लाई मध्यनजर गर्दै जनस्वास्थ्यमा प्रतिकुल असर पर्नसक्ने सम्भावनालाई दृष्टागत गरी यस गाउँपलिका भित्र कुनै पनि प्रकारको वृहत भेला, सभा, समारोह नगर्ने र राजधानी लगायत अन्य क्षेत्र र बाहिर जिल्लाबाट यस गाउँपालिका प्रवेश गर्ने नागरिकहरु न्युनतम ३ (तीन) दिन आ-आफ्नो घरमा परिवारका अन्य सदस्यवाट छुट्टै सुरक्षित बस्न (Self Quarantine) र नियमित सावुन पानीले हात धुन एवम् सरसफाईमा ध्यान दिन अनुरोध गर्ने र पालिका अन्तर्गत संचालनमा रहेको हाटवजारलाई अर्को व्यवस्था नभएसम्म पुर्ण रुपमा वन्द गर्ने यस गाउँपालिकाको मिति २०७६/१२/०९ को निर्णय भएकोले सोही वमोजिम गर्न गराउन हुन सवै महानुभावहरुमा हार्दिक अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

" सक्षम निजामति प्रशासनः विकास समृद्धि र सुशासन ।"